साईन एस.ए.का सेवाहरु

आपसी सम्वन्धहरुलाई रमाइलो बनाइराख्न, रोगहरुको रोकथाम गर्न र स्वास्थ्य रहनका लागि आफैले आफ्नो हेरचाह गर्न आवश्यक छ। साईन एस.ए.ले पुरुष, महिला तथा युवाहरुका लागि गोपनीयता कायम राखि प्रजनन् तथा यौन स्वास्थ्य सेवाहरु उपलब्ध गराँउदछ।

हामी विभिन्न प्रकारका सेवाहरु दिन्छौं, जस्तै:

- सुरक्षित र आरामदायी यौन सम्पर्क कसरी गर्न सकिन्छ भन्ने बारे जानकारी
- आफू बच्चा पाउन तयार नभई गर्भवती नहुनका लागि अपनाइने परिवार नियोजनका साधनहरु
- सन्तान नहुने समस्या भएका दम्पतीहरुका लागि सो बारे जानकारी र परिक्षणहरु
- यौन सम्पर्क द्वारा सर्ने रोगहरुको परीक्षण र जानकारी
- समुदायका सूहहरुका लागि यौन स्वास्थ्य शिक्षा
- प्याप स्मीयर्स (तपाईंका गोप्य अंगहरु भित्रको जाँच)
- स्तन परिक्षण
- गर्भावस्था परीक्षण
- महिनावारीको समस्याहरुका बारेमा जानकारी
- योजना बिनै गर्भधारण भएको अवस्थामा पाइने सहयोगहरु
- अभिभावक र युवाहरुका लागि किताबहरु

डाक्टर, नर्स, परामर्शदाता अथवा स्वास्थ्यकर्मीहरु संग भेट गर्नका लागि तपाईंलाई सबै भन्दा नजिक पर्ने ठाँउमा रहेको साईन एस.ए.मा फोन गरेर भेट्ने समय मिलाउन सक्नु हुनेछ:

दक्षिण (South)
19–23 Beach Road
Christies Beach
☎ **8186 8600**

उत्तर (North)
43 Peachey Road
Davoren Park
☎ **8256 0700**

पूर्व/पश्चिम (East/West)
64c Woodville Road
Woodville
क्लिनिकको फोन: ☎ 8300 5301
साधारण सोधपूछ ☎ 8300 5300

शुल्क

साईन एस.ए.को क्लिनिकमा सेवा लिनका लागि वार्षिक शुल्क $ 20 (छुट सुविधा पाँउनेहरुलाई $ 10) लाग्नेछ। यदि आर्थिक समस्या छ भने शुल्कहरु घटाउन सकिन्छ।

दोभाषेको सेवा

तपाईं त्यहाँ कसैलाई भेट्न जाँदा साईन एस.ए.ले नि:शुल्क रुपमा दोभाषेको व्यवस्था मिलाइदिन सक्छ। यदि तपाईंलाई यो सेवा चाहिएमा, आफूले भेट्ने समय मिलाउन फोन गर्दा कृपया त्यो कुरा हामीलाई भन्नु होला।

यौन स्वास्थ्य सम्बन्धी सम्पर्क नम्बर

यदि तपाईंलाई आफ्नो यौन स्वास्थ्य बारे केही चिन्ता छ भने तपाईंले साईन एस.ए.का कोही नर्ससंग यौन स्वास्थ्य सम्बन्धी सम्पर्क नम्बरमा **सोमबार**देखि **शुक्रबार विहान ९ बजे**देखि **अपरान्ह १ बजे** भित्र तल दिएका नम्बरहरुमा फोन गरि त्यसबारे कुरा गर्न सक्नुहुनेछ:

☎ **1300 883 793**
☎ **1800 188 171** (गाउँका ग्राहकहरुलाई मात्र नि:शुल्क)

यदि तपाईंलाई दोभाषेको सेवा चाहिएमा, कृपया पहिले अनुवाद तथा दोभाषा सेवा संस्थाको फोन नं 131 450 मा फोन गरेर त्यहींबाट फोन नं 1300 883 793 मा फोन लगाई मागेर सम्पर्क गराई माग्नु होला।

साईन एस.ए.का सम्पूर्ण अनुबादित पर्चाहरु www.shinesa.org.au मा उपलब्ध छन्।